# कर्मचारी सञ्चय कोष

पुल्चोक, ललितपुर

# चमेनागृह संचालन गर्ने सम्बन्धी शिलवन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक गोरखापत्रमा प्रकाशित मिति २०७३/०७/३०)**

कोषको ठमेलस्थित भवनमा कार्यरत कर्मचारी तथा दैनिक सम्पर्कमा आउने सञ्चयकर्ता लगायत अन्य आगन्तुकहरुलाई स्वच्छ ,स्वस्थकर,सफा,शुद्र तथा गुणस्तरयुक्त चिया,खाजा तथा खाना उपलब्ध गराउन भवन परिसरमा चमेनागृह संचालन गर्नुपर्ने भएकोले मु.अ.करमा दर्ता भएका अनुभवी इच्छुक फर्म,संस्था वा कम्पनीले यो सूचना गोरखापत्रमा प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयसम्म रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिएको छ ।

## चमेना गृह संचालन सम्वन्धी अन्य आवश्यक कुराहरु :

१. सिलवन्दी दरभाउपत्र फाराम कोषको पुल्चोकस्थित केन्द्रिय कार्यालयको खरिद शाखाबाट योग्य दरभाउपत्रदाता व्यक्ति वा फर्मले रु. ५००/- (फिर्ता नहुने) नगदै तिरी मिति २०७३/०८/१४ सम्म कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।

२. सिलवन्दी दरभाउपत्र फाराममा सम्पूर्ण कुराहरु नछुटने गरी, कवोल दररेट रकम अंक र अक्षर दुवैमा भरी खामबाहिर **"कोषको ठमेलस्थित भवनमा चमेनागृह संचालन सम्बन्धी शिलबन्दी दरभाउपत्र"** उल्लेख गरी सिलबन्दी (लाहाछाप) गरी बुझाउनु पर्नेछ ।

३. सिलवन्दी दरभाउपत्र पेश गर्दा फर्म दर्ता प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र, कार्य अनुभवको प्रमाणपत्र, आ.व. २०७२/७३ सम्मको कर चुक्ता प्रमाणपत्र तथा अन्य नियमानुसारका आवश्यक कागजातका प्रमाणित प्रतिलिपिहरु संलग्न गर्नु पर्नेछ ।

४. दरभाउपत्रदाताले सिलवन्दी दरभाउपत्रसाथ दरभाउपत्र सुरक्षण बापत रु.२५०००।- (अक्षेरेपी पच्चिस हजार) मात्र कोषको नाममा रहेको नेपाल इन्भेष्टमेन्ट वैंक, पुल्चोक को खाता नं. ७००४९००) मा नगदै जम्मा गरी सोको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन म्याद कायम रहने गरी कुनै "क" वर्गको वाणिज्य बैंकबाट कोषको नाममा जारी भएको शर्त रहितको बैक ग्यारेण्टीको सक्कलै प्रति पेश गर्नु पर्नेछ ।

५. चमेनागृहमा उपलब्ध गराउनुपर्ने खानेकुराको विवरण शिलबन्दी दरभाउपत्र कागजातसंग रहेको BOQ बमोजिम हुनेछ ।

६. सिलवन्दी दरभाउपत्र स्वीकृत भएको फर्म वा संस्थाले सिलवन्दी दरभाउपत्र फाराममा उल्लेख भएको सेवा उपलव्ध गराउनु पर्ने छ । उपरोक्त अनुसार नगरेमा धरौटी वापत राखेको रकम जफत गरिने छ ।

७. सिलवन्दी दरभाउपत्र प्रस्ताव कोषको पुल्चोक स्थित कार्यालयमा मिति २०७३/०८/१५ को १२:१५ बजे सम्ममा बुझाई सक्नुपर्नेछ । प्राप्त शिलबन्दी दरभाउपत्रहरु सोही दिन २.०० बजे उपस्थित भएका शिलबन्दी दरभाउपत्रदाता वा प्रतिनिधिहरुको रोहवरमा कोषको केन्द्रीय कार्यालय, पुल्चोकमा खोलिनेछ ।

८. सिलबन्दी भै नआएको, म्याद नाघी प्राप्त भएको, रीत नपुगेको, योग्यताका आधारहरु पूरा नभएको, पर्याप्त धरौटी समावेश नभएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

९. प्राप्त शिलबन्दी दरभाउपत्र फारम स्वीकृत गर्ने वा नगर्ने अधिकार कोषमा नै सुरक्षित रहनेछ ।

१०. अन्य विषय प्रचलित कानून तथा सार्वजनिक खरिद ऐन २०६३ र कर्मचारी सञ्चय कोष खरिद नियमावली २०६८ अनुसार हुनेछन ।

११. थप जानकारी कोषको पुल्चोकस्थित खरिद शाखा, फोन नं ५०१०१६७ मार्फत पनि प्राप्त गर्न सकिनेछ । साथै यो सूचना कोषको वेभसाइट www.epfnepal.com.np मा पनि हेर्न सकिनेछ ।